# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाँघखोर, नुवाकोट

नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल
२०७३

प. सं. : २०७६/७७
च. नं. ३४०

मिति : २०७६।०६।१०

विषय : कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रम अर्न्तत साझेदारीको लागि प्रस्ताव आह्वानको सूचना ।

श्री १ देखि १३ नं.वडा कार्यालयहरु
बेलकोटगढी नगरपालिका
नुवाकोट ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ हेटौडा अन्तर्गत कृषि विकास निर्देशनालयको आ.व. २०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७६।६।९ गते को प्राप्त प्रकाशित सूचना यसै साथ संलग्न गरी पठाइएको छ । आ-आफ्नो वडा भित्र रहेका इच्छुक कृषक समुह, कृषि सहकारी, निजी फर्म र कृषि उद्यमीहरुलाई आवश्यक जानकारी उपलब्ध गराई उक्त कृषि यन्त्रीकरणमा अनुदान कार्यक्रम प्रस्ताव आह्वानको लागि सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (कार्यालय समय भित्र) कृषि ज्ञान केन्द्र ढुङगे नुवाकोटमा (आवश्यक जानकारीको लागि ०१०-५६०१२८, **akcnuwakot@gmail.com** ) प्रस्ताव पेश गर्नको लागि आवश्यक सहयोग र समन्वय गरी दिनुहुन आदेशानुसार अनुरोध छ ।

(छबि लाल शर्मा)
कृषि विकास अधिकृत आठौं

वोधार्थ :
श्री कषि विकास निर्देशनालय, प्रदेश नं. ३ हेटौडा ।
श्री कृषि ज्ञानकेन्द्र, नुवाकोट ढुङगे ।

प्रदेश सरकार
३ नं. प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा

## कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रम अन्तर्गत साझेदारको लागि प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/६/९**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा अन्तर्गत कृषि विकास निर्देशनायको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रीकरण प्रवर्धन सम्बन्धी दोश्रो संशोधित कार्यविधि, २०७५/०७६ अनुसार कृषि यन्त्र उपकरणहरु खरिद गर्न प्रदेश नं. ३ का कृषक समूह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समय भित्र सम्वन्धित कृषि ज्ञान केन्द्रमा देहाय वमोजिमका कागजात सहित निवेदनसाथ प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । (साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने र उक्त यन्त्रहरुको सम्पूर्ण खरिद प्रकृया चैत्र मसान्त भित्र सम्ममा सम्पन्न गर्नुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरूको विवरण**

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
२ मेशिनरी औजार संचालन तथा मर्मत सम्वन्धि तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि
३. आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र
५. साझेदारको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि
६. गत आ.व. को कर चुक्ता प्रमाणपत्र
७. साझेदारको निर्णय प्रतिलिपि
८. साझेदारले अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

**विस्तृत जानकारीको लागि सम्बन्धित कृषि ज्ञान केन्द्र/कृषि विकास निर्देशनालयको फोन नं. ०५७-५२०४६६ वा कार्यविधिको लागि भू.व्य.कृ.तथा स.म.को वेबसाईट www.molmac.p3.gov बाट प्राप्त गर्न सकनेछ ।**